This file has been cleaned of potential threats.

If you confirm that the file is coming from a trusted source, you can send the following SHA-256 hash value to your admin for the original file.

849dfe3aec2799d3a1b5249cca11864950eaacce742f5eb71ab07a29f4812b33

To view the reconstructed contents, please SCROLL DOWN to next page.

सामाजिक
# सुरक्षा खबर
सामाजिक सुरक्षा कोष
Social Security Fund
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन

JUNE-JULY 2020 |Vol. 3 असार, २०७७ www.ssf.gov.np




## योगदानकर्ता श्रमिकको नाममा जम्मा भयो रु.१५ करोड राहत रकम

सामाजिक सुरक्षा कोषका योगदानकर्ता र रोजगारदाताको तर्फबाट कोषमा जम्मा गर्नुपर्ने लकडाउन अवधिको योगदान रकम नेपाल सरकारले राहतस्वरुप जम्मा गरिदिने घोषणा गरेबमोजिम रकम जम्मा गर्ने कार्य तीव्र रुपमा अगाडि बढेको छ। असार मसान्तसम्ममा ६९८ रोजगारदातासँग आबद्ध २७ हजार ७ सय २४ योगदानकर्ताको व्यक्तिगत सामाजिक सुरक्षा कोष खातामा चैत्र महिनाको राहतस्वरुप रु.१४ करोड ९९ लाख २५ सय ४ रकम जम्मा भइसकेको छ भने बाँकी योगदानकर्ताको योगदान रकम जम्मा गरिदिने कार्य अन्तिम चरणमा रहेको छ । लकडाउन अवधिको अन्य महिनाको योगदान रकमसमेत नेपाल सरकारसँग राहतस्वरुप माग भइसकेको हुनाले सो रकम प्राप्त हुनासाथ योगदानकर्ताको नाममा जम्मा गरिनेछ।

चैत्र महिनाको राहत रकम जम्मा गर्ने क्रममा रोजगारदाता श्री गोर्खा वेलफेयर ट्रष्टसँग आबद्ध ४६३ कर्मचारीको नाममा मात्रै रु.१ करोड ३० लाख ७७ हजार जम्मा भएको छ। योगदानकर्ताको पछिल्लो महिनाको योगदानलाई आधार मानेर रकम जम्मा गरिएको हुनाले योगदान धेरै गर्ने योगदानकर्ताको खातामा बढी र योगदान कम गर्ने योगदानकर्ताको खातामा कम रकम जम्मा भएको छ।

## भित्र..............................

किन सामाजिक सुरक्षा केवल बीमा होइन ? ............................ पेज नं. २


जापानमा सामाजिक सुरक्षा योजनाको अभ्यास ............................ पेज नं. ४

दुर्घटना र असक्तता योजनासम्बन्धि जानकारी ............................ पेज नं. ६

सामाजिक सुरक्षा योजनाबाट लाभान्वितको कथा ............................ पेज नं. ११

मातृत्व सुरक्षा योजनाको दाबीबारे विस्तृत जानकारी ............................ .पेज नं. ९

सामाजिक सुरक्षा कोषमा असार मसान्तसम्म आबद्ध रोजगारदाता तथा श्रमिकको विवरण ............................ पेज नं. १२




## सामाजिक सुरक्षा कोषको अपडेट अब भाइबरमा पनि

सामाजिक सुरक्षा कोषका हरेक अपडेट अब भाइबरमा पनि उपलब्ध हुने भएको छ। राकुटेन भाइबरसँगको सहकार्यमा कोषले भाइबर कम्युनिटी अर्थात् भाइबर पेज सुरु गरेको हो। यो कम्युनिटीमा कोषका विभिन्न जानकारी जस्तै विज्ञप्ति, सूचना, विभिन्न डाटा समाचार, कार्यक्रमसम्बन्धी जानकारी, तथा इन्फोग्राफहरू नियमित अपडेट हुनेछन्।

Viber
Connect. Freely.

भाइबरमा जोडिनका लागि बाँयाको QR Code स्क्यान गर्नुहोस्।

आलेख

# किन सामाजिक सुरक्षा केवल बीमा हैन ?



दिनेशकुमार कोइराला
उपनिर्देशक, सा.सु. कोष

**नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू हुँदै गर्दा धेरै व्यक्तिहरूले बिमा र सामाजिक सुरक्षा एउटै हुन् भन्ने तर्कसमेत गरेको सुनियो। तर यो बुझाइ पूर्णत गलत भन्न नसिकए पनि पुरै सत्य भने बिल्कुलै हैन। सामाजिक सुरक्षासँग बिमाको गोत्र मात्रै मिलेको हो। गोत्र मिल्नु भनेको केही मूलभूत (वंशाणुगत) विषेशताहरू मिल्नु पक्कै हो तर सबै थोक मिल्नु हैन। तसर्थ, यो आलेखले बिमा र सामाजिक सुरक्षा कसरी फरक विषय हुन् भन्ने कुराको उजागर गर्ने प्रयास गरेको छ।**

**१ऐतिहासिकता .**

ऐतिहासिक रुपमा हेर्दा बिमा सामाजिक सुरक्षाभन्दा अत्यन्तै पुरानो हो। प्राचीन संस्कृत ग्रन्थ मनुस्मृतिमा 'योगक्षेम' शब्दलाई बिमाकै पर्यायवाची शब्दको रुपमा प्रयोग गरी निम्नानुसार उल्लेख गरिएको छः

***क्रयाविक्रयामध्वानं भक्तं च सपरिव्ययम्।***
***योगक्षेमं च संप्रेक्ष्य वणिजों दापयेत्करान्॥***

- ***मनुस्मृति अध्याय ७, श्लोक १२७***

*(अर्थात् मालसामानको खरिद मुल्य, विक्री मुल्य, यात्राको अवधि, त्यसलाई रेखदेख गर्दा हुने जोखिम तथा सुरक्षाको खर्चलाई ध्यानमा राखेर व्यापारीहरूलाई कर तथा शुल्क तिराउनुपर्छ।)*

यसरी बिमाको ऐतिहासिकता खोतल्दा मालसामानको ढुवानीमा आइ पर्न सक्ने जोखिमलाई शुल्क लिएर वहन गरिदिने कार्य नै बिमा भएको बुझिन्छ जसलाई अहिले सामुन्द्रिक बिमा (Marine Insurance) भनिन्छ। पछि सन् १६६६ मा बेलायतमा भएको भीषण आगलागीपछि अग्नि बिमा, १९४८ ताका दुर्घटना बिमा हुँदै हाल बिमाका विविध प्रकारहरूको विकास भएको छ जसले व्यक्ति, वस्तु वा दायित्वको जोखिमलाई निश्चित शुल्क लिएर वहन गरिदिने कार्य गर्दछ।त्यसैगरी, ऐतिहासिक रुपमा हेर्दा सामाजिक सुरक्षाको विषय समाज विकासको चरणमा सृजना भएका विविध आर्थिक तथा राजनीतिक अवधारणा, स्थापित विभिन्न संस्थाहरू तथा समाजको व्यवहारिक पक्षसँग जोडिएको देखिन्छ। गुठीजस्ता हाम्रा सामाजिक संस्थाहरू वास्तवमा सामाजिक सुरक्षा प्रदान गर्ने समुदायमा आधारित संस्था नै हुन्। राज्यले लोक कल्याणको उद्देश्यले सञ्चालन गर्ने सबै कृयाकलाप सामाजिक सुरक्षा कै विषय हुन्। सन् १८८९ मा जर्मनीबाट स्वास्थ्य बिमाको रुपमा सामाजिक सुरक्षाको औपचारिक शुरुवात भएको मानिन्छ।

संयुक्त राष्ट्र संघको सामाजिक विकासका लागि अनुसन्धान संस्थाले व्यक्तिको जीवनयापनमा नकारात्मक तरिकाले असर पार्ने विभिन्न अवस्थाहरूबाट व्यक्तिलाई जोगाउन, त्यस्ता अवस्थाहरूको व्यवस्थापन गरी त्यस्ता अवस्थाहरूबाट पार लगाउन सामान्यतया राज्यले अवलम्बन गर्ने विभिन्न प्रकारका नीति तथा कार्यक्रमहरू नै सामाजिक सुरक्षा हो भनी व्याख्या गरेको पाइन्छ। सामाजिक सुरक्षा व्यक्तिको जीवन चक्रको विभिन्न अवस्थामा आइ पर्न सक्ने जोखिमहरूको व्यवस्थापन, त्यस्ता जोखिमहरूसँग लड्न सक्ने क्षमताको वृद्धि तथा श्रम बजारलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने विषयहरूसँग समेत सम्बन्धित रहन्छ। त्यसैले यो बिमाको तुलनामा एक वृहत अवधारणा हो।

**२. समानता**

बिमा र सामाजिक सुरक्षा दुबै जोखिम हस्तान्तरणसँग सम्बन्धित छन्। सामाजिक सुरक्षा व्यक्तिको जीवनचक्रमा आइ पर्न सक्ने दुर्घटना, अशक्तता, आम्दानीको क्षतिजस्ता जोखिमहरूको हस्तान्तरण वा जोखिम वहन क्षमताको वृद्धिसँग सम्बन्धित छ भने बिमाले पनि व्यक्ति, वस्तु/सम्पत्ति वा दायित्वको तोकिएको हदसम्मको जोखिम वहन गर्दछ। त्यसैले यी दुबै जोखिम व्यवस्थापनका भरपर्दा उपकरणहरू हुन्। त्यसैगरी, मुलधारको बिमा र सामाजिक सुरक्षा दुबैमा सहभागी हुन सहभागीको तर्फबाट स्वयं सहभागी वा सम्बन्धित अन्य पक्षबाट योगदान गरेको हुनुपर्दछ। बिमामा यस्तो योगदान बिमा शुल्कको रुपमा भुक्तानी गरिएको हुन्छ भने सामाजिक सुरक्षामा पारिश्रमिकको निश्चित प्रतिशतको रुपमा योगदान गरिएको हुन्छ। यस्तो योगदान नियमित रुपमा भुक्तानी समेत भएको हुनुपर्दछ। योगदान नियमित नभएको खण्डमा तोकिएको सुरक्षा/सुविधा प्राप्त नहुन सक्दछ।यी दुईबिचको अर्को समानता भनेको बिमा लेखमा जस्तै सामाजिक सुरक्षा योजनाहरूमा समेत निश्चित शर्त तथा अपवादहरूको व्यवस्था हुन्छ। तोकिएको शर्त र अपवादहरूको आधारमा मात्रै सुविधा दाबी गर्न पाइन्छ।

### ३. असमानता

केही समानताहरू भए तापनि बिमा र सामाजिक सुरक्षालाई फरक देखाउने पर्याप्त आधारहरू रहेका छन् । तिनीहरूलाई यहाँ क्रमशः उल्लेख गरिएको छ ।

- **छनौटको विकल्पः** बिमाको सन्दर्भमा बिमा लेख खरिद गर्ने वा नगर्ने ? यदि गर्ने हो भने कति रकमको बिमा लेख खरिद गर्ने ? कुन कम्पनीको बिमा लेख खरिद गर्ने जस्ता छनौटका विकल्पहरू व्यक्तिसँग हुन्छन् तर सामाजिक सुरक्षा योजनामा सहभागी हुने, योगदान रकम भुक्तानी गर्ने आदि विषयहरू निर्विकल्प हुन्छन् । कानुनले नै अनिवार्य गरेको यस्तो व्यवस्थामा छनौटको विकल्प हुँदैन ।
- **जोखिम वहनको मात्रा तथा सुविधाः** बिमाले बिमा लेखमा उल्लेखित जोखिमको मात्रै रक्षावरण गर्दछ तर सामाजिक सुरक्षा योजनाले कुनै घटित घटनाले गर्ने क्षति र त्यो घटनाका कारण विकास भएका अन्य जोखिम श्रृंखलाहरूको समेत रक्षावरण गर्दछ । जस्तै जीवन बिमामा यदि दुर्घटना मृत्यु सुविधा थपिएको छ भने दुर्घटनामा परी मृत्यु भएमा इच्छाइएको व्यक्तिलाई तोकिए बराबरको रकम एकमुष्ठ उपलब्ध हुन्छ तर सामाजिक सुरक्षाले दुर्घटनामा परी कुनै योगदानकर्ताको मृत्यु भएमा त्यसबापतको सुविधा मात्र दिदैन छोराछोरीलाई शैक्षिक वृति, आश्रितलाई पेन्शनलगायत अन्य सुविधाहरू समेत उपलब्ध गराउँछ । त्यस्तै दुर्घटनामा परी बिदामा बस्नु परेको अवस्थामा त्यस्तो बिदा बापतको रकमसमेत तोकिएबमोजिम पाइन्छ ।
- **उद्देश्यः** बिमामा जोखिमवरणको साधारण उद्देश्य रहेको हुन्छ तर सामाजिक सुरक्षा योजनासँग राज्यको गरीबी घटाउने, गुणस्तरीय जीवनको निरन्तरताको प्रत्याभूत गर्ने, सामाजिक असमानता कम गर्ने र अन्ततोगत्वा कल्याणकारी राज्यको अनुभूत गराउने लगायतका वृहत लक्ष्यहरू जोडिएका हुन्छन् ।
- **प्रडक्ट डिजाइनः** बिमा लेखहरूको डिजाइन मान्यता प्राप्त बिमाङ्कीले गर्दछन् । यसरी बनेका बिमा लेखहरू वित्तीय तथा सामाजिक रुपमा समेत उपयुक्त (socially- financially viable/feasible) हुन्छन् भन्ने मान्यता हुन्छ तर सामाजिक सुरक्षा योजनाहरूको निर्माणमा बिमाङ्कीय परामर्श लिने गरिएको भए तापनि यस्ता योजनाहरू सामाजिक रुपमा उपर्युक्त तथा वित्तीय रुपमा अनुपयुक्त हुन सक्छन् ।
- **सुविधाको अधिकारः** बिमा लेख आफैमा एक करार हो त्यसैले बिमाले दिने सुविधा वा बीमितको अधिकार करारीय (Contractual) वा बिमा लेखमा उल्लेख भएबमोजिम हुन्छ । बीमकले चाहँदैमा बिमा लेखमा उल्लेखित सुविधा घटाउन वा बढाउन सकिदैन । तर सामाजिक सुरक्षा योजना कानुनी व्यवस्था गरी बनेको हुने हुँदा सुविधा वा बीमितको अधिकार बैधानिक (Statutory) हुन्छ । त्यसैले नीतिगत परिवर्तनले सुविधा योजनाहरूमा परिवर्तन हुन सक्छ ।
- **जोखिमप्रतिको ध्यानाकर्षणः** बिमा लेखहरू बीमितबाट उत्पन्न हुन सक्ने जोखिमहरूको उचित मूल्याङ्कन गरेर निर्माण भएका हुन्छन् । जस्तै बिमा शुल्क निर्धारण गर्दा बीमितको उमेर, पेशा, स्वास्थ्य अवस्थाजस्ता धैरै कुरालाई आधार मानिएको हुन्छ तर सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रयोजनका निम्ति यस्ता कुराहरूको ख्याल गरिदैन । त्यसैले सामाजिक सुरक्षा योजनाले सम्भावित जोखिमको कमै मात्र ध्यान दिएको हुन्छ र यसको लक्ष्य सबैलाई समेट्ने हुन्छ ।
- **योगदानः** बिमा व्यक्तिको स्वतन्त्र निर्णयमा निहित रहने विषय हो । व्यक्तिको तत्परताको आधारमा बिमा लेख किनिन्छ र सोहीअनुरुप बिमा शुल्कको रुपमा बिमा लिए वापतको भुक्तानी/ योगदान गरिएको हुन्छ तर सामाजिक सुरक्षामा हुने सहभागिता व्यक्तिको तिर्न सक्ने क्षमताको आधारमा तय भएको हुन्छ । कम योगदान गर्न सक्नेले कम नै योगदान गरेको हुन्छ भने बढी योगदान गर्न सक्नेले बढी नै योगदान गरेको हुन्छ । तोकिएको वर्ग जस्तैः वृद्ध, अपाङ्ग लगायतले त योगदानबिना नै सामाजिक सुरक्षाअन्तर्गतको सुविधा पाएका हुन्छन् जुन कुरा बिमामा सम्भव छैन । त्यसैले बिमा पर्याप्तताको सिद्धान्तमा चलेको हुन्छ भने सामाजिक सुरक्षा मुख्य रुपमा एकजुटता/एकताको सिद्धान्तमा चलेको हुन्छ ।

### ४. उपसंहार

यसरी हेर्दा बिमा र सामाजिक सुरक्षाबिच स्पष्ट रुपमा केही अन्तरहरू देखिन्छन् । हामीले बुझ्नै पर्ने कुरा के हो भने सामाजिक सुरक्षा आफैमा एक वृहत विषय भएको हुँदा यसअन्तर्गतका केही योजनाहरू बिमा योजनाहरू जस्तै देखिन्छन्, भुक्तानी प्रकृयामा केही समानता देखिन्छ तर सिद्धान्ततः यी दुई गोत्र मात्रै मिल्ने फरकफरक विषयहरू हुन् । यी दुवैको आ-आफ्नै महत्व तथा ऐतिहासिकता रहेको छ ।

अन्तर्राष्ट्रिय अभ्यास

# जापानमा सामाजिक सुरक्षाः कल्याणकारी राज्यको जापनिज प्रारुप



आनन्द वंश न्यौपाने
सहायक निर्देशक, सा.सु. कोष

**ऐतिहासिक पृष्ठभूमिः**

जापानमा सामाजिक सुरक्षाको प्रादूर्भाव बेलायतले सन् १६०१ मा लागू गरेको गरिबहरूको कानुन (Poor Law, 1601) सँगसँगै भएको मानिन्छ । तथापि सामाजिक सुरक्षाको अभिन्न अङ्गको रुपमा रहेको सामाजिक बीमाको शुरुवात सन् १९२२ मा तथा पेन्सन प्रणालीको शुरुवात सन् १९४१ मा भएको हो । जापानको नयाँ संवैधानिक कानुन १९४७ ले सबै जापानी जनतालाई सभ्य तथा न्यूनतम गुणस्तरीय जीवनयापनको हक प्रत्याभूत गरेसँगै वृहत सामाजिक सुरक्षाको विस्तार भएको हो । सन् १९६० को दशकमा जापानले “राहतबाट संरक्षणतर्फ” भन्ने नारालाई सामाजिक सुरक्षाको उद्देश्य बनाएको थियो ।



## जापानमा सामाजिक सुरक्षा

नेपालमा सामाजिक सुरक्षा कोष भएजस्तै जापानमा सामाजिक सुरक्षा परिषद् रहेको छ जसअन्तर्गत सञ्चालन हुने सामाजिक सुरक्षा योजनाहरूलाई तलको तालिकामा संक्षेपमा उल्लेख गरिएको छ ।

| | | |
|---|---|---|
| १ | सार्वजनिक निवृत्तिभरण | १. राष्ट्रिय आधारभूत निवृत्तिभरण<br>२. आम्दानीमा आधारित निवृत्तिभरण |
| २ | स्वास्थ्य सेवा तथा स्वास्थ्य बीमा | १. श्रमिक तथा तिनका परिवारको स्वास्थ्य बीमा<br>२. स्वरोजगार तथा तिनका परिवारको राष्ट्रिय स्वास्थ्य बीमा<br>३. ७० वर्षभन्दा माथिका वृद्धहरूका लागि स्वास्थ्य सुविधा |
| ३ | वृद्ध तथा अशक्तहरूको व्यक्तिगत सामाजिक सेवा | |
| ४ | बेरोजगार सहायता | १. बेरोजगार भत्ता<br>२. रोजगार प्रबर्धनात्मक कार्य सञ्चालन |
| ५ | श्रमिक दुर्घटना बीमा | |
| ६ | परिवार नीति | १. शिशु भत्ता<br>२. मातृत्व सुविधा<br>३. बालबच्चाको दिवा रेखदेख सेवा |
| ७ | सार्वजिनक सहायता | संरक्षणको अन्तिम अस्त्र |






### पेन्सन प्रणाली

जापानमा राष्ट्रिय आधारभूत पेन्सन सबै नागरिकले प्राप्त गर्छन् भने कामदार तथा स्वरोजगारले आम्दानीमा आधारित थप पेन्सन प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। सामाजिक पेन्सनका लागि योगदानकर्ता र रोजगारदाता दुबैले बराबर (१७.५%) योगदान गर्नुपर्छ। कुल जनसंख्यामा वृद्धहरूको अनुपातलाई हेरेर यस्तो बीमा शुल्कमा समयसमयमा वृद्धि गर्ने गरिएको छ। अहिलेको मुल्यअनुसार श्रमिक र उसको दम्पतीको समेत जोड्दा औषत माषिक ¥ २४०००० पेन्सन प्राप्त गर्न सक्ने देखिन्छ। यहाँको पेन्सन प्रणालीको विषेशता भनेको हरेक वर्ष उपभोक्ता मूल्य सूचकांक (CPI) का आधारमा पेन्सन रकम समायोजन हुँदै जानु पनि हो। त्यसैगरी, जापानको पेन्सन प्रणालीमा ठूला उद्योग र सरकारी कर्मचारीलाई माथि उल्लेखित अतिरिक्त व्यवसायमा आधारित थप पेन्सनसमेत दिने व्यवस्था रहेको छ। जापानमा नीजि बीमा कम्पनीहरूद्वारा सञ्चालित पेन्सन योजनाहरूमा समेत उल्लेख्य सहभागिता रहने गरेको देखिन्छ। यसरी आधारभूत तथा आयमा आधारित, जीवन बीमा योजनाहरूबाट प्राप्त Annuity र बचत समेतलाई जोड्दा अधिकांश काममा रहेका व्यक्तिको भन्दा रिटायर्ड व्यक्तिको आम्दानी बढी हुने गरेको देखिन्छ। सामाजिक सुरक्षामा हाल मौज्दात रहेको रकम जापानको कुल ग्राहस्थ उत्पादनको झण्डै ३०% छ। कोष व्यवस्थापनको सम्पूर्ण जिम्मा अर्थ मन्त्रालयअन्तर्गत रहेको भए तापनि त्यसको परिचालनमा व्यवसायिक नीजि क्षेत्रलाई समेत केही भाग उपलब्ध गराउने विषय उठिरहेको छ।

### स्वास्थ्य सेवा

स्वास्थ्य सेवा सामाजिक सुरक्षाको अर्को महत्वपूर्ण तत्व हो। स्वास्थ्यमा गरिएको खर्चको झण्डै ८८% खर्च करबाट हुने गरेको छ भने बाँकी मात्रै बिरामीले खर्च गर्ने गरेको देखिन्छ। अस्वस्थ भई बिदामा बसेको दिनको भुक्तानी श्रमिकको दैनिक आयको ६०% रहेको छ। जापानको स्वास्थ्य प्रणालीलाई तीन प्रकारमा विभाजन गरिएको छ । श्रमिक, स्वरोजगार र वृद्धका लागि छुट्टाछुट्टै प्रणाली रहेका छन्। बिरामी आफैले तिर्नुपर्ने (Out of Pocket limit) सीमा हाल कुल खर्चको १२% रहेको छ ।

### व्यक्तिगत सामाजिक सेवा

जापानमा कामदार महिला, अशक्त, वृद्ध जस्ता व्यक्तिका लागि यस्तो व्यवस्था रहेको छ। यसअन्तर्गत नर्सिङ् सेवा, दिवा स्याहार सेवा आदि पर्दछन् । यस्तो सेवाको विस्तारमा भने समस्या देखिएको छ।

### परिवार योजना

जापानमा औपचारिक क्षेत्रमा महिलाको श्रम सहभागिता उल्लेख्य रहेका कारण यस्तो योजना लागू गरिएको छ। यसअन्तर्गत शिशु स्याहार केन्द्रको स्थापना, मातृत्व सुरक्षा तथा शिशु स्याहार भत्ता आदि रहेका छन्। यसको दायरा तथा यसअन्तर्गत प्राप्त हुने सुविधा भने त्यति धेरै देखिदैन।

### अन्त्यमा,

मुख्य रुपमा सामाजिक सुरक्षाका सन्दर्भमा माथि उल्लेखित विषयहरू रहेका भए तापनि जापानमा सामाजिक संरक्षणका अरु धेरै कार्यक्रमहरू समेत सञ्चालनमा रहेका छन् । कामप्रति जापानी जनताहरूको एकदमै लगाव रहने र वृद्धहरूको समेत काममा उल्लेख्य सहभागिता रहने हुनाले वृद्धहरू/अवकाश प्राप्त व्यक्तिलाई काम दिने कार्यक्रमहरू समेत सञ्चालित छन्। सामाजिक संरक्षणको सन्दर्भमा जापनाले पनि युरोपको स्ट्याण्डर हासिल गर्न लागेको देखिन्छ।

# दुर्घटना र अशक्तता सुरक्षा योजना



प्रदीप महर्जन
उपनिर्देशक, सा.सु.कोष




सामाजिक सुरक्षा कोषले २०७६ श्रावण १ गतेदेखि शुरु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा विभिन्न योजनाबाट योगदानकर्ताले सुविधा प्राप्त गर्न सक्छन् । हाललाई सामाजिक सुरक्षा कोषले चारवटा योजना शुरु गरेको छ । अघिल्लो अंकमा “औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना” का बारेमा जानकारी दिइसकिएको छ । यो अंकमा “दुर्घटना तथा अशक्तता सुरक्षा योजना” को छलफल गरिनेछ । यो योजनाअन्तर्गत दुर्घटना वापतको सुविधा, व्यवसायजन्य रोग वापतको सुविधा र अशक्तता वापतको सुविधा पर्दछन् । दुर्घटना वापतको सुविधालाई रोजगारीजन्य दुर्घटना र रोजगारीजन्य दुर्घटनाबाहेक अन्य दुर्घटनामा विभाजन गर्न सकिन्छ । अशक्तता वापतको सुविधा रोजगारीजन्य दुर्घटनामा परेर अशक्त भएमा वा व्यवसायजन्य रोग लागेर अशक्त भएमा प्रदान गरिनेछ ।

## १. रोजगारीजन्य दुर्घटना वापतको सुविधा वा व्यवसायजन्य रोग वापतको सुविधा र अशक्तता वापतको सुविधा

**सुविधा उपयोग गर्न पूर्वशर्तः**

- योगदानकर्ताले रोजगारीजन्य दुर्घटना वापतको सुविधा र रोजगारीजन्य दुर्घटनामा परेर अशक्त भएको अवस्थामा अशक्तताको सुविधा सामाजिक सुरक्षा कोषमा योगदान शुरु गरेको मितिबाटै उपभोग गर्न पाउनेछन् र त्यस्तो सविधा योगदान बन्द गरेको मितिबाटै स्वतः समाप्त हुनेछ ।
- व्यवसायजन्य रोग वापतको सुविधा र व्यवसायजन्य रोग लागेर अशक्त भएर अशक्तता सुविधा प्राप्त गर्न योगदानकर्ताहरूले सामाजिक सुरक्षा कोषमा कम्तिमा निरन्तर दुई वर्ष योगदान गरेको हुनुपर्छ र सुविधा योगदान गर्न छाडेको दुई वर्षको अवधिसम्म सुविधा उपभोग गर्न पाउनेछन् ।

| सुविधा | सुविधा नपाउने अवस्था | दावी प्रकिया र दावी गर्न चाहिने कागजात |
|---|---|---|
| ✓ योगदानकर्ता रोजगारीजन्य दुर्घटनामा परी वा व्यवसायजन्य रोगको उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च ।<br>✓ रोजगारीजन्य दुर्घटनाका कारण वा व्यवसायजन्य रोगका अस्थायी पूर्ण असक्षमता भएका योगदानकर्ताले निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज काममा नफर्कंदासम्म<br>✓ रोजगारीजन्य दुर्घटना कारण वा व्यवसायजन्य रोगका स्थायी असक्षमता भएको योगदानकर्ताको असक्षमताको अनुपातमा निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकमलाई | रोजगारीजन्य दुर्घटना प्रमाणित नभएमा वा व्यवसायजन्य रोग प्रमाणित नभएमा | ✓ अर्को व्यवस्था नभएसम्म सामाजिक सुरक्षा कोषको सिस्टमबाट दाबी गर्ने<br>✓ OPD किताबको पहिलो पृष्ठको प्रतिलिपि (चिकित्सकको विवरणसहित)<br>✓ चिकित्सकले जाँच गरेको कागजात (अस्पतालले दिएको प्रमाण)<br>✓ डिस्चार्ज समरी (अस्पतालमा भर्ना भइ उपचार गराएको भए)<br>✓ चिकित्सकको परामर्श बमोजिमका औषधि उपचारमा खर्च भएका बिल बिजकहरूको सक्कलै प्रति (अनिवार्य भएको .पान नं)<br>✓ अनुपस्थिति प्रमाण सम्बन्)धित संस्था वा रोजगारदाताद्वारा प्रदान गरिएको ( |

| | | |
|---|---|---|
| शतप्रतिशत मानी निजको असक्षमता प्रतिशतको आधारमा जीवनकालभर निवृत्तभरण सुविधावापत मासिक रुपमा रकम<br>✓ रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगका कारण स्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज जीवित रहुञ्जेल निजलाई निवृत्तभरण सुविधा वापत मासिक रुपमा रकम<br>✓ निज आफैं हिंडडुल गर्न नसकेमा निजलाई हेरचाह गर्ने आश्रित परिवारको सदस्य वा निजलाई हेरचाह गर्ने अन्य व्यक्ति वा संस्थालाई भुक्तानी गर्ने व्यवस्था गरिनेछ। हेरचाह गर्ने व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिसमा गरिनेछ। | | ✓ बैंक खाता र खातावालको नाम प्रष्ट खुल्ने कागजातको प्रतिलिपि (चेकबुकको प्रतिलिपि)<br>✓ योगदानकर्ता कार्यालयमा जाँदा र फर्कँदा दुर्घटनामा परी घाईते भएको अवस्थामा दुर्घटनाको स्थलगत सर्जमिन मुचुल्का र प्रहरीको प्रतिवेदन। |

## २. रोजगारीजन्य दुर्घटनाबाहेक अन्य दुर्घटना

सुविधा उपयोग गर्न पूर्वशर्तः यो सुविधा प्राप्त गर्न योगदानकर्ताले सामाजिक सुरक्षा कोषमा योगदानकर्ताले योगदान गरेको हुनुपर्छ।
अधिकतम दाबी रकम रु. ७,००,०००

| सुविधा | सुविधा नपाउने अवस्था | दावी प्रकिया र दावी गर्न चाहिने कागजात |
|---|---|---|
| ✓ योगदानकर्ता रोजगारीजन्य दुर्घटनामा परी वा व्यवसायजन्य रोगको उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च अधिकतम सीमा रकम ननाघ्ने गरी। | अन्य बीमा प्रणालीबाट सात लाख रुपैयाँ वा सोभन्दा बढी सुविधा पाउने अवस्थामा कोषले कुनै खर्च व्यहोर्ने छैन र सोभन्दा कम सुविधा पाउने भएमा बाँकी रकमको हदसम्म कोषले व्यहोर्ने | ✓ अर्को व्यवस्था नभएसम्म सामाजिक सुरक्षा कोषको सिस्टमबाट दाबी गर्ने<br>✓ OPD किताबको पहिलो पृष्ठको प्रतिलिपि (चिकित्सकको विवरणसहित)<br>✓ चिकित्सकले जाँच गरेको कागजात अस्पतालले दिएको प्रम)ाण(<br>✓ डिस्चार्ज समरी (अस्पतालमा भर्ना भइ उपचार गराएको भए)<br>✓ चिकित्सकको परामर्श बमोजिमका औषधि उपचारमा खर्च भएका बिल बिजकहरूको सक्कलै प्रति (अनिवार्य भएको .पान नं)<br>✓ अनुपस्थिति प्रमाण सम्बन्धित संस्था वा रोजगारदाताद्वारा प्रदान ) (गरिएको<br>✓ बैंक खाता र खातावालको नाम प्रष्ट खुल्ने कागजातको प्रतिलिपि (चेकबुकको प्रतिलिपि) |

**द्रष्टव्य :**

१. यदि दावी प्रकृयाको क्रममा सामाजिक सुरक्षा कोषका अधिकारीलाई भ्रम वा शङ्का लागे गुणस्तर जाँच तथा ठगी नियन्त्रणका लागि प्रासङ्गिक कम्पनी गएर निरीक्षण गर्नेछ।


२. नेपालमा अवस्थित कुनै पनि कम्पनी (राष्ट्रिय, अन्तर्राष्ट्रिय वा बहुराष्ट्रिय) मा कार्यरत विदेशीहरूको राजदुतावासले जारी गरेको फोटोसहितको परिचय पत्र रोजगारदाताले बुझाउनुपर्ने ।
३. "दुर्घटना" भन्नाले कुनै एक वा एकभन्दा बढी कारणबाट शारीरिक वा मानसिक चोट पटक वा आघात पुग्न गएको अवस्थालाई सम्झनुपर्छ ।
४. "व्यवसायजन्य रोग" भन्नाले योगदानकर्ताले रोजगारीको सिलसिलामा निर्वाह गर्ने जिम्मेवारीको कारणबाट हुन सक्ने रोगलाई सम्झनुपर्छ ।
५. "अस्थायी पूर्ण असक्षमता" भन्नाले कुनै दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट योगदानकर्ताले प्राप्त गरी आएको रोजगारी अन्तर्गतको जिम्मेवारी अस्थायी रुपमा पुरा गर्न नसक्ने वा उपचार गर्नुपर्ने भई काम गर्न नसक्ने भएको अवस्थालाई सम्झनुपर्छ ।
६. "स्थायी असक्षमता" भन्नाले कुनै दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट योगदानकर्ताले प्राप्त गरी आएको रोजगारी अन्तर्गतको जिम्मेवारी स्थायी रुपमा पुरा गर्न नसक्ने गरी शरीरको कुनै अङ्ग अशक्त भएको वा निजले प्राप्त गर्ने वैकल्पिक रोजगारीबाट हुने आय पहिलेको रोजगारीबाट हुने आयभन्दा कम भएको अवस्थालाई सम्झनुपर्छ ।
७. "स्थायी पूर्ण असक्षमता" भन्नाले कुनै दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट योगदानकर्ताले प्राप्त गरिआएको रोजगारी अन्तर्गतको जिम्मेवारीमा मात्र नभई अन्य रोजगारीसमेत पाउन असक्षम भएको अवस्थालाई सम्झनुपर्छ ।
८. असक्षमताको प्रतिशत स्वास्थ्य परीक्षण समितिले किटान गरेबमोजिम हुनेछ ।
९. असक्षमता प्रतिशतको आधारमा प्रदान गरिने निवृत्तिभरण रकममा बिमाङ्कीको प्रतिवेदनका आधारमा सञ्चालक समितिले निर्धारण गरेबमोजिमको दरले मुद्रास्फीति समायोजन गरिनेछ ।

## सामाजिक सुरक्षाकोषद्वारा लकडाउन लक्षित भर्चुअल कक्षा सम्पन्न

सामाजिक सुरक्षा कोषले लकडाउन लक्षित विभिन्न १३ वटा भर्चुअल कक्षा सम्पन्न गरेको छ । लकडाउनको समयलाई उपयोग गरी कर्मचारीहरूको दक्षता तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले भर्चुअल कक्षा सञ्चालन गरिएको हो । विभिन्न विधामा सम्पन्न भएका भर्चुअल कक्षामा कोषसँग सम्बन्धित तथा अन्य विषयबस्तुमा कर्मचारीहरूलाई जानकारी दिइएको थियो । जसमा स्टाफ कलेजका पूर्व प्रशासक डा. केदार रायमाझीले तनाव व्यवस्थापन, राष्ट्रिय बाणिज्य बैकका उप-प्रमुख कार्यकारी अधिकृत केशव प्रसाद लम्सालले सह-वित्तीयकरण कर्जा लगानी र सम्बद्ध नीति नियमहरू, कर्मचारी सञ्चय कोषका मुख्य प्रबन्धक अर्जुन कुमार गौतमले समाजिक सुरक्षा कोष र यसको दिगोपनाका लागि आवश्यक शर्तहरू, राष्ट्रिय बाणिज्य बैकका मुख्य प्रबन्धक बिमल डंगोलले एडभान्स एक्सल र कोषको कार्य सञ्चालनका बारेमा कोषका कर्मचारीहरूलाई प्रशिक्षण दिनुभएको थियो । सामाजिक सुरक्षा कोषका उप-कार्यकारी निर्देशक विवेक पन्थीले समाजिक सुरक्षाको व्यवस्थापन, कोषकै निर्देशक रोशन कोजुले सुचना प्रविधिसँग सम्वन्धित आधारभूत विषयका बारेमा र लेखा अधिकृत अनुपमा कार्कीले सरकारी लेखा व्यवस्थापनका बारेमा जानकारी गराउनु भएको थियो । सो अवधिमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका उप-सचिव केशव सुवेदीले समाजिक सुरक्षा कोष र श्रम मन्त्रालयसँग सम्बन्धित तथा अर्थमन्त्रालयका शाखा अधिकृत मातृका नेपालले नेपालको बजेट निर्माण प्रक्रिया र यसको कार्यान्वयन लगायतका विषयमा प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी, समाजिक सुरक्षा कोषका उप-निर्देशक दिनेश कुमार कोइरालाले समाजिक सुरक्षा र बीमा बीचको अन्तरसम्बन्ध, सामाजिक सुरक्षा कोषका बरिष्ठ सहायक निर्देशक मन्जु थापाले इमोसनल इन्टिलिजेन्स र कोषमा यसको अवश्यकता, विज्ञ राजु अधिकारीले महामारी बिरुद्धको जीवनशैली तथा अर्का विज्ञ विजय सिग्देलले सकारात्मक सोच र उत्प्रेरणाका बारेमा आफ्ना महत्वपूर्ण भनाईहरू राख्नुभएको थियो । सोही अवधिमा सूचना प्रविधिका विषयमा जानकारी दिने उद्देश्यले सूचना प्रविधिसम्बन्धि कक्षासमेत सञ्चालन भएको थियो ।

## कर्मचारीहरूलाई एक हप्ते अंग्रेजी भाषा तालिम

सामाजिक सुरक्षा कोषले एक हप्ते अंग्रेजी भाषा तालिम पनि सम्पन्न गरेको छ । कोषका कर्मचारीहरूलाई अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ) तथा विभिन्न बहुराष्ट्रिय कम्पनीहरूसँग कुराकानी तथा बहस गर्न अति नै आवश्यक रहेको अंग्रेजी भाषामा कोषका कर्मचारीहरूलाई दक्ष बनाउने उद्देश्यले एक हप्ते अंग्रेजी भाषा तालिम सञ्चालनमा ल्याइएको हो । एक हप्ते कक्षामा कर्मचारीहरूले कसरी अंग्रेजी भाषामा आफूलाई प्रस्तुत गर्नुपर्छ र गर्न सक्छन् भन्ने विषयमा छलफल गरिनुका साथै कोषका कार्यकारी निर्देशक लगायतको उपस्थितिमा प्रयोगात्मक अभ्यास समेत गरिएको थियो । लकडाउनको उपयोग गरी अनलाइन कक्षामार्फत विभिन्न विषयमा कर्मचारीलाई ज्ञान र सीपको आदानप्रदान गर्दा उपयोगी हुन्छ भन्ने सोचेर आफूहरूले भर्चुअल कक्षाका साथै अंग्रेजी भाषा तालिम सञ्चालन गरेको र यो निकै प्रभावकारी भएको कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले बताउनुभयो । उहाँले भन्नुभयो, लकडाउनको समयमा कर्मचारीले घर मै बसेर भए पनि आफ्नो क्षमता अभिवृद्धि गराउन सकुन्' भन्ने हाम्रो उद्देश्य हो । कोषका कर्मचारीहरूले पनि भर्चुअल कक्षा र अंग्रेजी भाषा तालिम निकै फाइदाजनक भएको बताए ।



## बारम्बार सोधिने प्रश्नहरु




रोशन कोजू
निर्देशक, सा.सु.कोष


# मातृत्व सुरक्षा योजना अन्तर्गत प्रसुति स्याहार सुबिधा दाबी कसरी गर्ने ?

**योगदानकर्ताहरूले सामाजिक सुरक्षा कोषमा नियमित तीन महिना योगदान गरिसकेपछि महिलाको हकमा मातृत्व बिदा र पुरुषको हकमा प्रसुति स्याहार सुबिधा दाबी गर्न पाइन्छ। यो सुविधाको दाबी गर्नका लागि निम्न विधि अपनाउन सकिन्छ :**


१.तपाईंको कम्प्युटरको जुनसुकै browser बाट https://sosys.ssf.gov.np मा जानुहोस् र सुविधा दाबीका लागि contributor portal मा click गर्नुहोस् ।





२. नयाँ खुल्ने page मा आफ्नो Credentials हरू भर्नुहोस्।




३. त्यसपछि खुल्ने नयाँ पेजमा claim application menu मा click गर्नुहोस्। नयाँ दाबी हो भने getsubmission मा click गर्नुहोस् ।





४. त्यसपछि औषधि उपचार तथा मातृत्व सुरक्षाअन्तर्गत मातृत्व हेरचाह भत्ता (पुरुषका लागि) र मातृत्व बिदा भत्ता (महिलाका लागि ) छान्नुहोस्।





५. सोही पेजमा योगदनकर्ताको कुन बैंकको खातामा रकम जम्मा गर्ने हो सोको पूर्ण विवरण दिनुहोस्।





६. सोही पेजमा योगदानकर्ताको के कति शिशुको जन्म भएको हो सोको विवरण पनि दिनुहोस्।




७. सोही पेजमा योगदनकर्ताको कार्यालयमा योगदनकर्ताले लिएको बिदाको शुरु र अन्तिम मिति जनाउनुहोस्।




८. त्यसपछि दाबीकर्ताले कागजात पत्र चेक लिस्टमा click गरी आवश्यक सबै कागजात upload गर्नुहोस्।




९. यति गरिसकेपछि "माथि उल्लेखित व्यहोरा ठीक साँचो हो। मैले प्रचलित योगदानमा आधरित सामाजिक सुरक्षा योजना संचालन कार्यविधिअनुरुप नै सुविधा दावी गरेको छु। यदि गलत सूचना वा विवरण भेटिएमा प्रचलित नेपाल कानूनबमोजिम सजाय भएमा मेरो स्वीकृति छ।" मा चेक मार्क लगाउनुहोस्।

१०. अब तपाईंको दाबी submit गर्न सक्नुहुन्छ। तर submit गरिसकेपछि पुन: सच्याउन सकिन्न। पुन: सच्याउनुपर्ने भए Save गर्नुपर्ने हुन्छ।

११. योगदनकर्ताले यसरी भरेको दाबी फारामलाई रोजगारदाताले आफ्नो पेज (employer portal) बाट अनुमोदन/प्रमाणित गरेपछि कोषमा आइपुग्छ।

१२. कोषले रोजगारदाताबाट अनुमोदित/प्रमाणित दाबीहरू पुन: परीक्षण गरी भुक्तानी प्रक्रिया अगाडि बढाउँछ। यसरी भुक्तानी गर्दा बढीमा ३० दिन लाग्न सक्छ।

योजनाबाट लाभान्वितको कथा

# दु:खको साथी - सामाजिक सुरक्षा कोष



दिपकराज भट्ट
सहायक निर्देशक, सा.सु. कोष

गर्मीको बेला मान्छेले पसिना बगाउने नभई पसिनाले मान्छे बगाउने सम्म प्रचण्ड गर्मी र जाडो समयमा शीतलहरले जनजीविकालाई असर गर्ने थातथलो हो तराई। पुरुषप्रधान तराईका क्षेत्रहरूमा अधिकांश महिलाहरूलाई चुलो चौकोले नै व्यस्त बनाउँछ। दाईजोजस्ता अनेक कुप्रथाबाट ग्रसित तराई समुदाय भारतीय संस्कृतिसँग नजिक पनि रहेको छ। बिहान उठ्यो गाईवस्तुको स्याहार गर्यो, खाना बनायो, छोराछोरीलाई खुवायो, श्रीमानलाई खुवायो अनि आफू खायो, फेरी घर कै काम, खेतबारीको काम। यत्ति मै सिमित छिन् गायत्री देवी धानुक। बिहानको सिरेटो मै आफ्नो बा भन्दा पनि पुरानो साइकल चढेर भोजपुरी गीत गाउँदै कार्यालयतिर लाग्छन् उनका श्रीमान **रामा महतो धानुक**। श्रीमतीले पकाएर दिएको एक कप चिया उनका लागि भोक मेटाउने औजार बनेको छ आजकाल। कार्यालय पुग्नासाथ गाडी निकाल्छन् र दैनिक कामकाजमा व्यस्त हुन्छन्। महिना दिन काम गर्छन् अनि थाप्छन् एक महिनाको तलब। ठूली छोरीको बिहे गरिसकेका धानुकको अरु चार छोराछोरी छन्। एकजनाको कमाइ, छ जनाको परिवार। त्यसमाथि छोरीको विहे गर्दा लागेको ऋण, यो सबै समस्या उनको परिवारमा यथावत छ। हातमा आउने तलबमा पनि ११ प्रतिशत सामाजिक सुरक्षावापत कम्पनीले घटाइदिन्छ, एक महिनाको कमाई अर्को महिना सुरु हुँदै सकिन्छ। भएको अलिकति खेतबारीको अन्नपातले पनि पुग्दैन। थोत्रो साइकल कवाडीलाई बेचेर नयाँ साइकल किन्ने सपना पनि उनको आठ वर्ष पुरानो भइसकेको छ। अब त सपनाले पनि गिज्याउन लागिसकेको छ धानुकलाई।



पेशाले उनी हलुका सवारी चालक। साँझ बिहान रातदिन जतिबेला पनि कम्पनीमा उपस्थित हुन्छन्। श्रीमती पनि घरको कामले भ्याइनभ्याइ हुन्छिन्। पतिले नोकरी गर्छन्, उनी घरको काम गर्छिन्। छोराछोरी पढ्दै छन्। सुखी छ उनको परिवार। एकदिन बिहान झिसमिसेमै पल्ला घरका काका चिच्याउदै आउनुभयो- छिटो हिड बर्बाद भैसक्यो। गोडामा चप्पलसमेत लगाउन नभ्याई दगुरेर पर कदमको रूखनेर पुगेर हेर्दा आफ्ना पति झुण्डिरहेका रहेछन्। अचानक गायत्रीदेवीको होस उड्यो। आँखामा कालो बादल मडारिएर आयो, बिहानै एक्कासी अँध्यारो भएर आएजस्तो भयो। जाडो महिनामा पनि पसिनाले शरीर बगायो। उनले केही सोच्न सकिनन् मात्र झुन्डिएको पतिलाई एकोहोरो हेरी बोल्न खोजिन् तर उनका ओठ चल्न सकेनन्। केही बेरमा नै पुलिस आयो र झुन्डिएका पतिलाई निकाल्यो। उनी एकोहोरो बेहोसीजस्तो भईरहिन्। गाउँ भरिका मान्छे भेला भएर कसरी यस्तो भयो भनेर आपसमा कुरा गर्न थाले।

हिजो राति सँगै सुतेका श्रीमान बिहान छिट्टै ट्वाइलेट लाग्यो भनेर उठेका थिए, यत्ति याद छ धानुकलाई। एकदिन अघिमात्र काकाको मृत्यु भएको थियो, त्यो बाहेक न कुनै झै झगडा न कुनै तनाव। एक्कासी श्रीमानलाई यो अवस्थामा देख्दा ठूलो ढुंगाले थिचेजस्तै भयो। दैव पनि कस्तो निस्ठुरी सानै उमेरमा विवाह भयो। अभावै अभावमा जिन्दगी चल्दै थियो। लाउने खाने उमेरमा पिडा सहनु पर्यो। ऋणमाथि ऋण थपिँदै थियो। आय आर्जन गर्ने मान्छे पनि यो संसारमा नहुँदा सबैभन्दा ठूलो पीडा सहनु पर्ने रहेछ। अब कसरी जीविकोपार्जन गर्ने। कसरी ऋण तिर्ने। स–साना छोराछोरी कसरी हुर्काउने। यावत् समस्याहरू एकाएक आउन थाले तर समाधान थिएन। सुतिरहेको लास उठ्छ कि भनेर टोलाई रहँदा उनको मनमा अनेक भावना खेल्न थाल्छ। बेहोशी उनी होसमा आउँदा उनको श्रीमानको लास बोकेर लैजाँदै थिए। बेहोसीमै रुँदै कराउँदै छटपटाउँदै बेहोस बनिरहेकी उनी हेर्दाहेर्दै हिजोसम्म सँगै भएका श्रीमान आज लास बनेर अरूको काँधमा चढेर जाँदै थिए। सँधै बिहान साइकल चढेर भोजपुरी गीत गाउँदै हिड्ने उनी आज शंखको ध्वनिसँगै घाटतर्फ जाँदै थिए। मान्छेको चोला एकदिन मर्नु त अवश्य नै छ तर पनि अल्पायुमा निधन हुँदा परिवारलाई ठूलो क्षति पर्ने रहेछ।

गायत्री देवी अब उप्रान्त एक्लो भइन्। सारा संसार बिरानो भयो। खेतीपाती धेरै छैन कसरी खान पुग्ला र? आम्दानीको बाटो टुटिसकेको छ। तराईको ठाउँ, छोराछोरी पढाउनु पर्‍यो। छोरीको बिहे गर्दा लागेको ऋण कसरी चुक्ता गर्ने यस्तै समस्यामा परेकी छन् उनी।

एकदिन उनका श्रीमानले काम गर्ने ठाउँको म्यानेजर उनको घरमा आउनुभयो र भन्नुभयो- हजुरको श्रीमानले विगत केही महिनादेखि सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्दै आउनुभएको छ। तसर्थ उहाँको मृत्युपश्चात सामाजिक सुरक्षा कोषले आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत सुविधा प्रदान गर्ने हुँदा कोषमा गएर दाबी गर्ने प्रक्रियासमेत बताउनुभयो। यो सुन्दा गायत्री देबीलाई थोरै आशा र धेरै अचम्म पनि लाग्यो। आजसम्म गायत्री देवीले न सामाजिक सुरक्षा कोषको बारेमा सुनेकी थिइन् न उनका श्रीमानले नै यस विषयमा जानकारी गराएका थिए।

सामाजिक सुरक्षा कोषमा चार महिनामा रु. ३१,२८० जम्मा भएको र सामाजिक सुरक्षा कोषबाट बाचुन्जेल पेन्सन पाउने कुरा थाहा भएपछि गायत्रीदेवीको मुहारमा खुसी छाएको छ। अझ २१ वर्ष उमेरसम्म छोराछोरीको शैक्षिक वृत्तिसमेत सामाजिक सुरक्षा कोषले प्रदान गर्ने थाहा पाएपछि उनको मुहार एकाएक उज्यालो भयो। छोरा छोरीको शिक्षा दिक्षाका लागि मासिक पन्ध्र हजार एक सय चौरासी रुपैँया र पेन्सनबापत मासिक पन्ध्र हजार एक सय चौरासी रुपैँया गरी मासिक तीस हजार तीन सय अठसठ्ठी रुपैया सामाजिक सुरक्षा कोषले उनको खातामा जम्मा गर्न सुरु गरिसकेको छ। यति मात्र नभई श्रीमानको मृत्यु सँस्कार बापत एकमुष्ट पच्चीस हजार रुपैयाँसमेत पाएकी छिन् उनले। सामाजिक सुरक्षा कोष असहायको साहरा हो। दु:खको साथी हो। पिडाको मलहम हो भन्नेमा उनी विश्वस्त छिन्। मासिक पेन्सन पाएपछि उनको आर्थिक दु:ख दूर भएको छ। कोषको यो योजनाबाट धेरै खुसी छिन् उनी र अरुलाई पनि समयमा नै योगदान गर्ने सल्लाह समेत दिन्छिन्।

## आषाढ मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा योगदान रकमको विवरण

| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम(रु) |
|---|---|---|---|
| २०७६- श्रावण मसान्तसम्म | ४२३२ | ३२५७५ | - |
| २०७६- भाद्र मसान्तसम्म | ४९१५ | ५२७२२ | १५८०७५६४.९ |
| २०७६- आश्विन मसान्तसम्म | ८४४२ | ९३९६० | ६६५२६८१६.९ |
| २०७६- कार्तिक मसान्तसम्म | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ |
| २०७६- मंसिर मसान्तसम्म | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ |
| २०७६- पौष मसान्तसम्म | १२०३४ | १३६८४७ | ४३१७६२७०६. |
| २०७६- माघ मसान्तसम्म | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ |
| २०७६- फाल्गुन मसान्तसम्म | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ |
| २०७६- चैत्र मसान्तसम्म | १२३२० | १५६६४८ | ८८६११७३९०.६ |
| २०७७- वैशाख मसान्तसम्म | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ |
| २०७७- जेष्ठ मसान्तसम्म | १२३६० | १६१५८८ | १२०६४८२७३१.६४ |
| २०७७- आषाढ मसान्तसम्म | १२४७९ | १६८२४२ | १६१६८३९७६८.९४ |

| लकडाउन अवधिमा | १०५ | १३२९२ | ७२२१८९२१९.९ |
|---|---|---|---|

## आषाढ मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा रकमको विवरण

| बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
|---|---|
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | २५२ |
| दुर्घटना तथा असक्तता दाबी भुक्तानी | १७ |
| आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | ६ |
| उपदान दाबी भुक्तानी | १२ |




*सामाजिक सुरक्षा कोषद्वारा प्रकाशित 'सामाजिक सुरक्षा खबर' का लागि*

*संरक्षक :*
*कपिलमणि ज्ञवाली*
*सल्लाहकार :*
*विवेक पन्थी*

*सम्पादन समूह:*
*रोशन कोजू*
*दिनेशकुमार कोइराला*
*आनन्द वंश न्यौपाने*
*दिपकराज भट्ट*
*ऋषिराम पाण्डेय*

*सामाजिक सुरक्षा कोष*
*बबरमहल, काठमाण्डौं, नेपाल फोन: ४२५६१४४ र ४२५६३१५*
*ई-मेल:* media@ssf.gov.np *वेबसाइट:* www.ssf.gov.np

**Follow Us on:**

@ssfnepal2011

@ssf_nepal

Social Security Fund Nepal